नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९१ २०८३ साल कात्तिक २० गते शुक्रबार (6 Nov 2026 Friday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : कमला पुल मंसिरदेखि सञ्चालन.. ३ पृष्ठमा : गुणस्तरहीन खाद्यवस्तु उत्पादन.. ३ पृष्ठमा : डिसेम्बरमा स्वदेश फर्कने..

जनकपुरधाम-अयोध्या विशेष रेल सेवाको परीक्षण

दैनिक समाचारदाता
जनकपुरधाम, १९ कात्तिक ।

जनकपुरधामदेखि भारतको अयोध्यासम्म सञ्चालन हुने विशेष रेल सेवाको बिहीबार परीक्षण गरिएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणको क्रममा दुबै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा सो बिशेष रेल सेवाको उद्घाटन गर्ने गरी तयारी गरिएको हो ।

सोही तयारी स्वरुप डब्ल्यु डी पी ४ डी ४०४०३ नम्बरको दुई इञ्जिन र सात बोगी भएको भारतीय विशेष रेल सेवाले भारतको अयोध्यादेखि धनुषाको कुर्थासम्म परीक्षण गरिएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए ।

भारतको अयोध्याबाट विहान ९ बजे जनकपुरधाम हुँदै कुर्थासम्म आईपुगेको विशेष परीक्षण रेल विहान ११ बजे पुनः जनकपुरधाम आइपुगेको हो । परीक्षण टोलीसँग नेपाल रेल्वे कम्पनीका पदाधिकारीबीच अयोध्या-जनकपुरधाम नियमित विशेष रेल सेवा नियमित सञ्चालनको विषयमा छलफल भईरहेको प्रबन्ध सञ्चालक पराजुलीको भनाइ छ ।

केही दिनअघि नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको टोलीले विशेष निरीक्षण यानमार्फत जयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण समेत गरेका थिए ।

हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ ।

बालक मृत अवस्थामा फेला

दैनिक समाचारदाता
राजविराज, १९ कात्तिक ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. २ स्थित एक बालक बिहीबार बिहान मृत अवस्थामा फेला परेका छन् ।

सोही वडाको कन्छुनरप्रताप माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत सोही वडाका १४ वर्षिय आदित्य कुमार मण्डल आफ्नै कोठामा मृत अवस्थामा फेला परेका हुन् ।

प्रहरीका अनुसार उनी सुत्ने कोठामा झुण्डिएको अवस्थामा बिहीबार बिहान फेला परेको छ । बिहान अबेर सम्म ढोका भित्रबाट बन्द देखेपछी परिवारजनले झ्याल खोलेर हेर्दा छोरा पासो लगाई झुण्डिएको अवस्थामा देखिएको बुवा सोभितलालले बताए ।

उनका अनुसार त्यस्तो दृश्य देख्ना साथ प्रहरीलाई खबर गरिएको थियो । घटना थाहा पाए लगत्तै पुगेको प्रहरी टोलीले आवश्यक कानुनी प्रक्रिया पश्चात् मृतकको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पातल पुऱ्याई थप अनुसन्धान गरिरहेको प्रहरी उपरिक्षक रुपक खडकाले बताए ।

कोठाको ढोका भित्रबाट बन्द अवस्थामा रहेको तथा प्रारम्भिक अनुसन्धानले आत्महत्या देखिएको प्रहरीको भनाई छ ।

ट्रक र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु

दैनिक समाचारदाता
सिरहा, १९ कात्तिक ।

सिरहा नगरपालिका ११ भलुवाहीस्थित चौहर्वा-सिरहा सडकखण्डमा नेपाल विद्युत् प्राधिकरणको ट्रक र मोटरसाइकल ठोक्किँदा दुई जनाको ज्यान गएको छ ।

मृत्यु हुनेमा सोही नगरपालिका २२ का अम्रेशकुमार यादव र गोलबजारका श्रीदेव यादव छन् । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकलमा सवार दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पुऱ्याइएको थियो । तर चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका थिए ।

बिहान करिब १० बजे ना.१ घ.५५३ नम्बरको ट्रक र स.९ प.७३५० नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए ।

बाँकी अन्तिम पृष्ठमा

पैसा डबल ठगी धन्दाका दुई आरोपी पक्राउ

दैनिक समाचारदाता
राजविराज, १९ कात्तिक ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ बभगामाबाट मंगलबार प्रहरीले पैसा डबल ठगी धन्दाका दुई आरोपीलाई पक्राउ गरेको छ ।

पैसा डबल गरिदिन्छु भन्दै सर्वसाधारणलाई प्रलोभनमा पारेर रकम असुल गरेको आरोपमा ५२ वर्षिय हनुमानी भनिने रामबहादुर रजक र सोही स्थानका बर्ष ३४ का गुन्जेश सिंह प्रहरीले पक्राउ गरेको हो ।

यसअघि पनि ठगी आरोपमा पक्राउ परेर धरौटीमा छुटेका हनुमानी विरुद्ध नयाँ उजुरी परेपछि घरबाटै उनलाई नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ ।

सप्तरी प्रहरीका अनुसार रजकविरुद्ध ६ लाख रुपैयाँ ठगी गरेको आरोप छ । सोही उजुरीका आधारमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । रजकविरुद्धको पुरानो मुद्दासमेत विचाराधीन रहेको छ । प्राप्त विवरणअनुसार रजकविरुद्ध नयाँ उजुरी दिने व्यक्ति उदयपुरका हुन् ।

पक्राउ परेका दुवैजना विरुद्ध ठगी तथा अपराधिक विश्वासघात कसुरमा मुद्दा दर्ता गरि सप्तरी जिल्ला अदालत राजविराजबाट तीन दिनको म्याद लिई थप अनुसन्धान अगाडि बढाएको प्रहरी निरीक्षक कार्कीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

स्रोत नखुलेको ४४ लाख रुपैयासहित दुई पक्राउ

दैनिक समाचारदाता
रौतहट, १९ कात्तिक ।

रौतहट प्रहरीले स्रोत नखुलेको ४४ लाख ६४ हजार ६०५ रुपैयाँ नगदसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

भारतबाट नेपालतर्फ मोटरसाइकलमा लुकाएर ल्याउँदै गरेको ३० लाख रुपैयाँ र गौरस्थित एक व्यापारिक प्रतिष्ठानबाट थप १४ लाख ६४ हजार ६ सय ५ रुपैयाँ बरामद भएपछि प्रहरीले भारतीय नागरिक र पसल सञ्चालकलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बुधबार दिउँसो साढे ३ बजे ईशनाथ नगरपालिका ४ महुलियास्थित काली मन्दिर नजिक भारतबाट मठिया-महुलिया आउने सडकखण्डमा प्रहरी चौकी मठियाबाट खटिएको चेकिङ टोलीले शंकास्पद मोटरसाइकल जाँच गरेको थियो ।

मधेश प्रदेश ०५-००१ प ०५७८ नम्बरको मोटरसाइकलमा भारतबाट नेपाल प्रवेश गर्दै गरेका भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्लाको फुलबरिया १३ निवासी ३० वर्षीय सनि कुमार जैसवालको साथबाट स्रोत नखुलेको ३० लाख रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ ।

जैसवालले झोला तथा मोटरसाइकलको ट्याङ्गीमुनि फल्स बटम बनाएर रकम लुकाइछिपाइ ल्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्रहरीले नगदसँगै एक थान स्मार्टफोन र मोटरसाइकलसमेत नियन्त्रणमा लिएको थियो ।

प्रहरी कार्यालयमा प्रारम्भिक सोधपुछ गर्ने क्रममा उक्त रकम गौर नगरपालिका १ स्थित न्यू तराई ट्रेडर्सका सञ्चालक ५१ वर्षीय शेख कमरुललाई बुझाउन ल्याएको जैसवालले बताएको प्रहरीको भनाइ छ । त्यसपछि प्रहरीले न्यू तराई ट्रेडर्समा खानतलासी गर्दा थप १४ लाख ६४ हजार ६०५ रुपैयाँ फेला पारेको थियो ।

प्रहरीले उक्त रकमसहित पसल सञ्चालक शेख कमरुललाई समेत नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाएको छ ।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

दुर्घटना न्युनिकरणतर्फ ध्यान पुगोस्

सप्तरी जिल्लामा दुर्घटना दिनहुँ जसो हुने गरेको छ। यहाँ मोटरसाइकल बढी दुर्घटना हुने गरेको तथ्याङ्कले देखाउछ। यसरी सवारी दुर्घटना न्यूनिकरणमा ट्राफिक प्रहरीको भूमिका बढी आवश्यक छ। जिल्लाको प्रहरीको तथ्याङ्कमा १८ देखी ३५ वर्षसम्मका यूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको देखाएको छ। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो। यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ।

यसबाहके अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छ। नयाँ नयाँ मोटरसाइकल खरीद गरेर उनीहरुले आफ्ना बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ। मुलुकको दुर्घटनाको तथ्याङ्क हेर्ने हो भने बढी दुर्घटना दुई पाङ्ग्रे सवारीसाधनहरुबाट हुने गरेको पाइएको छ। यसको न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रमका साथै आफै पनि सचेत हुनु आवश्यक छ।

तसर्थ दुर्घटना न्युनिकरणका लागि प्रहरीका साथै अभिभावक समेतले आफ्ना बालबालिकालाई सचेत गराउन उत्तिकै आवश्यक छ। जसले गर्दा दुर्घटना न्युनिकरणमा थोरै भएपनि मद्दत पुग्ने छ।

कमला पुल मंसिरदेखि सञ्चालन गर्ने तयारी, हुलाकी सडकको सीमाभित्रका संरचना हटाइँदै

जनकपुरधाम, १९ कात्तिक (रासस)।

तराई-मधेसको 'लाइफलाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत धनुषाको जनकपुरधामस्थित कदमचोकदेखि कमला नदीको पुलसम्म सडक सीमाभित्र निर्माण गरिएका अनधिकृत संरचना हटाउन थालिएको छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले सडक सीमाभित्र निर्माण गरिएका घर, टहरा तथा घुम्ती पसल हटाउन थालेको हो। पटकपटक सूचना जारी गर्दा पनि सम्बन्धित व्यक्तिले संरचना नहटाएपछि हटाउने काम अघि बढाइएको कार्यालय प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो।

उहाँका अनुसार सडक सीमाभित्रका संरचनाका कारण सडक निर्माण तथा विस्तारको काम प्रभावित भइरहेको छ। सडकसीमा क्षेत्र खाली गर्न नसक्दा केही स्थानमा सडक निर्माणकार्य अझै सुरु हुन सकेको छैन। आवश्यक परे बल प्रयोग गरेर भए पनि त्यस्ता संरचना हटाइने उहाँले बताउनुभयो।

उक्त सडकखण्डको अधिकांश भाग कालोपत्र भइसकेको छ भने धनुषा र सिरहालाई जोड्ने कमला नदीमाथिको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। पुल आगामी मङ्सिरदेखि सञ्चालनमा ल्याउने तयारी भइरहेको प्रमुख महतोले जानकारी दिनुभयो।

पुल सञ्चालनमा आएपछि उक्त सडकखण्डमा सवारीसाधनको चाप बढ्ने भएकाले सडक सीमाभित्रका संरचना हटाउन थालिएको उहाँको भनाइ छ। मङ्सिरको पहिलो साता प्रधानमन्त्री वालेन्द्र साहबाट सडकखण्डको निरीक्षण हुनसक्ने तयारीसमेत भइरहेको उहाँले बताउनुभयो।

विसं २०६८ मा कमला पुल निर्माणको ठेक्का पप्पु-लुम्बिनी जेभीले पाएको थियो। विसं २०७८ असारमा पुल उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलका पिलर भाँचिएपछि निर्माण सम्पन्न हुन सकेको थिएन। पुल क्षतिग्रस्त भएपछि स्थानीयवासीले लामो समयसम्म नदी वारपार गर्न डुङ्गाको सहारा लिनुपरेको थियो।

पुल पुनर्निर्माणका क्रममा देखिएका प्राविधिक तथा अन्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरिएपछि निर्माणले गति लिएको प्रमुख महतोले बताउनुभयो। उहाँका अनुसार पुलको १० नम्बर पिलर निर्माण सम्पन्न भइसकेको छ भने सुपर स्ट्रक्चरको ढलान भइरहेको छ। पुलको फाउन्डेसनसहित तीन वटा पिलरको सवलीकरण तथा सुपर स्ट्रक्चरको स्ल्याब ढलान कार्य अन्तिम चरणमा पुगेको छ।

पुलका दुवैतर्फ जोडिने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मङ्सिरदेखि सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित निर्माणलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ।

यसैबीच, हुलाकी सडकअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको कुल ४०६ दशमलव ४३ किलोमिटरमध्ये हालसम्म ३४७ दशमलव ६३ किलोमिटर सडक कालोपत्र भएको छ। उक्त सडकखण्डमा पर्ने २४ वटा पुलको निर्माणसमेत सम्पन्न भइसकेको छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी रञ्जितकुमार रायका अनुसार सिरहामा कुल ५७ दशमलव ५२ किलोमिटर सडकमध्ये २९ दशमलव ९८ किलोमिटर निर्माण सम्पन्न भएको छ भने २७ दशमलव ४६ किलोमिटर निर्माणाधीन अवस्थामा छ।

त्यस्तै, धनुषामा कुल ८९ दशमलव ५२ किलोमिटरमध्ये ७४ दशमलव ५८ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने १४ दशमलव ९४ किलोमिटर निर्माणाधीन छ।

महोत्तरीमा कुल ९३ दशमलव पाँच किलोमिटरमध्ये ९१ दशमलव ५६ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने एक दशमलव ९४ किलोमिटर निर्माण हुन बाँकी छ।

सर्लाहीमा कुल १६६ दशमलव दुई किलोमिटरमध्ये १५१ दशमलव ५१ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने १४ दशमलव ५१ किलोमिटर निर्माणाधीन अवस्थामा रहेको सूचना अधिकारी रायले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८२/८३ भित्रै हुलाकी सडक निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि सडक सीमाभित्रका घरटहरा हटाउन भएको ढिलाइ र विभिन्न स्थानमा जग्गासम्बन्धी विवादका कारण केही काम प्रभावित भएको कार्यालय प्रमुख महतोले बताउनुभयो। बाँकी काम निर्धारित समयमै सम्पन्न गर्न निरन्तर प्रयास भइरहेको उहाँको भनाइ छ।

हुलाकी सडक विस्तार तथा स्तरोन्नतिले ग्रामीण क्षेत्रको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्न थालेको स्थानीय जनप्रतिनिधि तथा व्यवसायीले बताएका छन्। सडक निर्माणले गाउँ र बजारबीचको दूरी घटाउनुका साथै कृषिउपजको बजारीकरण, व्यापार व्यवसाय र जग्गाको मूल्यमा वृद्धि भएको उनीहरूको अनुभव छ।

सिरहाको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष मेहताका अनुसार हुलाकी सडक विस्तार तथा स्तरोन्नतिले जिल्लाका आधा दर्जन स्थानीय तहको विकासमा योगदान पुऱ्याएको छ। सडक सञ्जाल विस्तारसँगै स्थानीयवासीलाई आवागमन तथा दैनिक कामकाजमा सहज भएको उहाँले बताउनुभयो।

त्यस्तै, धनुषाको औरही गाउँपालिकाका अध्यक्ष उमाशङ्कर प्रसाद साहले हुलाकी राजमार्ग निर्माणसँगै आसपासका क्षेत्रमा जग्गाको मूल्य उल्लेख्य रूपमा बढेको बताउनुभयो।

"हुलाकी राजमार्ग बन्नुअघि प्रतिकट्ठा रु २० लाखमा मुस्किलले बिक्री हुने जग्गा अहिले रु ६० देखि ७० लाखसम्ममा बिक्री हुन थालेको छ", उहाँले भन्नुभयो, "सडक पूर्ण रूपमा सञ्चालनमा आएपछि जग्गाको मूल्य अझ बढ्ने अपेक्षा गरेका छौं।"

धनुषाको विदेह नगरपालिकाका व्यापारी अशोक साहका अनुसार पहिले सडक जीर्ण हुँदा गाउँबाट बजारसम्म आउन स्थानीयवासीलाई कठिनाइ हुने गरेको थियो। अहिले आवागमन सहज भएपछि गाउँका उपभोक्ता बजारसम्म पुगेर किनमेल गर्न थालेका छन्। "सडक निर्माणपछि गाउँ र बजारबीचको सम्बन्ध थप नजिकिएको छ। स्थानीयवासी सहज रूपमा बजार आउन थालेपछि व्यापार व्यवसाय पनि बढेको छ", उहाँले भन्नुभयो।

हुलाकी सडक निर्माणले ग्रामीण बस्तीलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्नुका साथै कृषि, पर्यटन, व्यापार तथा उद्योग व्यवसायको विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। सडक निर्माणसँगै स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना हुने र समग्र मधेस प्रदेशको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास गरिएको छ।

नेपालले गरेको रेखाङ्कनअनुसार पूर्वदेखि पश्चिमसम्म फैलिएको हुलाकी राजमार्गको कुल लम्बाइ एक हजार ७९२ किलोमिटर छ। मधेस प्रदेशका आठवटै जिल्लामा सडक तथा पुल निर्माणको काम अघि बढेसँगै विगतमा दुर्गम मानिएका ग्रामीण क्षेत्र क्रमशः यातायात सञ्जालमा जोडिँदै गएका छन्। सडक निर्माण सम्पन्न भएको छ भने १४ दशमलव ९४ किलोमिटर निर्माणाधीन छ।

रेल सेवा व्यवस्थित गर्न माग

जनकपुर, १९ कात्तिक (रासस)।

जनकपुरधाम रेल्वे सेवाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरी यात्रुमैत्री बनाउन माग गर्दै जनसरोकार अभियानले नेपाल रेल्वे कम्पनीलाई मागपत्र बुझाएको छ।

अभियानका अध्यक्ष जितेन्द्र महतो नेतृत्वको टोलीले जनकपुरधामको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई दृष्टिगत गर्दै रेल सेवालाई थप व्यवस्थित, सुरक्षित र सुविधासम्पन्न बनाउन आग्रह गरेको हो।

अभियानले रेल यात्रुको सहज आवागमन, रेल्वे प्लेटफर्मको नियमित सरसफाइ, व्यवस्थित प्रतीक्षालय, शौचालय तथा खानेपानीको उचित प्रबन्ध गर्न माग गरेको छ।

रेल्वे स्टेसनमा रहेका भौतिक संरचनाको मर्मतसम्भार, विद्युतीय उपकरणको नियमित सञ्चालन, खाली जग्गालाई पार्क तथा बगैंचाका रूपमा विकास, हाट बजारको व्यवस्थित सञ्चालन तथा सडक र छेकबारको उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ।

रेल्वे क्रसिङमा हुने दुर्घटना न्यूनीकरणका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन र मालवाहक ढुवानी सेवा सञ्चालन गर्न अभियानले ध्यानाकर्षण गराएको छ। रेल्वे सेवा स्तरोन्नति गरी विसं २०७८ चैत १९ गतेदेखि पुनः सञ्चालनमा आएको हो।

शीतलहर र हिमपातको प्रतिकार्यका लागि सरकारको पूर्वतयारी

काठमाडौँ, १९ कात्तिक (रासस)।

सरकारले यस वर्षको शीतलहर र हिमपातबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी सुरु गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शीतलहर र हिमपातको जोखिमलाई दृष्टिगत गर्दै आवश्यक तयारी बिहीबारदेखि अघि बढाएको हो।

प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले शीतलहर र हिमपातलाई सामान्य मौसमी अवस्थाका रूपमा मात्र नलिई यसको सम्भावित प्रभावबाट बच्न समयमै पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउनुपर्ने बताउनुभयो। हिमपात तथा शीतलहर पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना समीक्षा बैठकमा उहाँले मनसुनजन्य विपद्को प्रतिकार्यमा जस्तै चिसो मौसमबाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि पनि सम्बन्धित निकाय सक्रिय हुनुपर्नेमा जोड दिनुभयो।

"मध्य मङ्सिरदेखि मध्य फागुनसम्मको हिउँदे अवधिमा तराईमा शीतलहर, कुहिरो र हुस्सु तथा उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातको जोखिम रहन्छ," कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो, "विशेषगरी अधिकतम र न्यूनतम तापक्रमबीचको अन्तर कम हुने, लगातार चिसो दिन रहने र बाक्लो हुस्सु लाग्ने अवस्थाले जनजीवन प्रभावित पार्ने गर्छ।"

शीतलहरका समयमा वायु प्रदूषणको जोखिम पनि बढ्न सक्ने उल्लेख गर्दै कार्यकारी प्रमुख डा उप्रेतीले पिएम २.५ र पिएम १० को मात्रा बढ्दा मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने बताउनुभयो। उहाँले नेपालमा वायु गुणस्तर सूचकाङ्क (एक्यआई) १५० देखि ४००-५०० सम्म पुगेका उदाहरण रहेको भन्दै त्यस्तो अवस्थामा स्वास्थ्यसम्बन्धी विशेष सूचना र सचेतना जारी गर्नुपर्नेमा जोड दिनुभयो।

चिसो तथा प्रदूषणको अवस्था गम्भीर बनेमा विद्यालय बन्द गर्ने, सवारीसाधनमा जोरबिजोर प्रणालीलागू गर्ने तथा निर्माण कार्य रोक्ने सम्मका उपाय अपनाउनुपर्ने कार्यकारी प्रमुख डा उप्रेतीले बताउनुभयो। उहाँले यसका लागि स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रलगायत सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो।

"हिउँदे मौसममा बाक्लो हुस्सु र तुवाँलोका कारण दृश्यता घट्दा हवाई तथा सडक यातायात प्रभावित हुने तथा दुर्घटनाको जोखिम बढ्छ, कतिपय अवस्थामा दृश्यता ५० मिटरमा सीमित हुने भएकाले त्यस्तो अवस्थामा सवारीसाधन सञ्चालन गर्न र हवाई उडानमा विशेष सतर्कता अपनाउनुपर्छ," कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो।

उच्च हिमाली क्षेत्र तथा दुई हजारदेखि दुई हजार ५०० मिटरभन्दा माथिका भूभागमा हिमपात हुनसक्ने भएकाले त्यहाँका बासिन्दा, पर्यटक तथा यात्रुको सुरक्षाका लागि आवश्यक तयारी गर्नुपर्नेमा कार्यकारी प्रमुख डा उप्रेतीले जोड दिनुभयो। यस वर्ष एलनिनोको अवस्थाका कारण चिसो कस्तो हुने भन्नेबारे अहिले नै निश्चित पूर्वानुमान गर्न नसकिने र मौसम पूर्वानुमान महाशाखाबाट थप विवरण आएपछि सोहीअनुसार तयारी अघि बढाइने उहाँले जानकारी दिनुभयो।

कार्यकारी प्रमुख डा उप्रेतीले शीतलहरका समयमा चिसोबाट बच्न घरभित्र दाउरा वा हिटर बाल्दा पर्याप्त हावा आवतजावत हुने व्यवस्था गर्नुपर्नेमा विशेष जोड दिनुभयो। भ्यालढोका बन्द गरेर आगो वा हिटर बाल्दा कार्बन मोनोअक्साइड ग्यास जम्मा भई निस्सासिने, बेहोस हुने र ज्यान पनि जान सक्ने जोखिम रहने उहाँले बताउनुभयो।

विशेषगरी गर्भवती, नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीलाई चिसोबाट जोगाउन विशेष ध्यान दिनुपर्ने कार्यकारी प्रमुख डा उप्रेतीको सुझाव छ। उहाँले शीतलहरको सूचना जारी भएपछि जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत जोखिमयुक्त क्षेत्रमा दाउरा वितरण गर्ने, विपन्न परिवारलाई न्यानो कपडा र कम्बल उपलब्ध गराउनेलगायतका प्रतिकार्य गर्नुपर्नेमा जोड दिनुभयो। रेडक्रस तथा विकास साझेदार संस्थाहरूले पनि आवश्यक सहयोगका लागि पूर्वतयारी गर्नुपर्ने उहाँको भनाइ छ।

"मौसम विज्ञान विभागबाट शीतलहरसम्बन्धी सूचना आएपछि मात्र तयारी थाल्ने होइन, सूचना आउनुअघि नै आवश्यक स्रोतसाधन र जनशक्ति व्यवस्थापन गर्नुपर्छ," कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो।

प्राधिकरणले मौसम पूर्वानुमान महाशाखा, सुरक्षा निकाय, स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र, स्थानीय तह तथा सञ्चारमाध्यमसँगको समन्वयमा पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउने जनाएको छ। कार्यकारी प्रमुख डा उप्रेतीले शीतलहर र हिमपातसम्बन्धी सूचना तथा स्वास्थ्य सुरक्षाका सन्देश प्राधिकरण र मौसम पूर्वानुमान महाशाखाका आधिकारिक सामाजिक सञ्जालमार्फत नियमित रूपमा सार्वजनिक गरिने बताउनुभयो। जोखिमका बेला सञ्चारमाध्यमले मौसमको अवस्था, वायु प्रदूषणको मात्रा र अपनाउनुपर्ने सावधानीबारे नागरिकलाई समयमै जानकारी गराउनुपर्नेमा उहाँले जोड दिनुभयो।

गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ व्यवसायीविरुद्ध मुद्दा

जनकपुरधाम, १९ कात्तिक (रासस)।

मधेस प्रदेशमा गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ उद्योगी व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गरेको अनुगमन तथा खाद्यवस्तुको नमुना परीक्षणबाट कैफियत देखिएपछि उनीहरूविरुद्ध सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख विमलकुमार दाहालका अनुसार मुद्दा दायर गरिएकामध्ये बारा र पर्साका आठ, सप्तरी र सिरहाका तीन, महोत्तरीका दुई तथा धनुषाका एक व्यवसायी छन्। उनीहरूविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अन्तर्गत कारबाही अघि बढाइएको उहाँले जानकारी दिनुभयो।

खाद्य स्वच्छता कायम नगर्ने, खाद्यवस्तुमा मिसावट गर्ने, स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु उत्पादन तथा बिक्री गर्ने र म्याद गुज्रिएका सामग्री बिक्री गर्ने व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको प्रमुख दाहालले बताउनुभयो।

उहाँका अनुसार सो अवधिमा मधेस प्रदेशका विभिन्न जिल्लाबाट खाद्य तथा दाना पदार्थ ऐन तथा नियमअनुसार १६४ नमुना सङ्कलन गरिएकामा पाँच वटाको परीक्षण प्रतिवेदन प्रतिकूल देखिएको थियो। ती नमुनाका आधारमा खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत कारबाही अघि बढाइएको हो।

यसैगरी, खाद्य स्वच्छता कायम गराउने उद्देश्यले प्रदेशका विभिन्न जिल्लामा ६३२ खाद्य व्यवसायमा संयुक्त अनुगमन गरिएको थियो। अनुगमनका क्रममा ५६ खाद्य उद्योगमा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु १८ लाख २६ हजार जरिवाना गरिएको कार्यालयले जनाएको छ।

सो अवधिमा २०५ खाद्य तथा दाना उद्योग, १९५ होटल, रेस्टुरेन्ट तथा क्यान्टिनमा अनुगमन गरिएको र उपभोक्ताबाट प्राप्त २७ उजुरी सम्बोधन गरिएको प्रमुख दाहालले बताउनुभयो। उहाँका अनुसार तीन महिनाको अवधिमा २६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ६८ उद्योगको अनुज्ञापत्र नवीकरण र ८४ नयाँ उद्योग स्थापनाका लागि सिफारिस गरिएको छ।

नमुना परीक्षण, अनुज्ञापत्र जारी तथा नवीकरण र उद्योग स्थापनाका लागि सिफारिसलगायतका कामबाट रु १६ लाख २४ हजार १० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ। अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा उपभोगका लागि अयोग्य खाद्यवस्तु जफत गरी सरोकारवालाको रोहबरमा नष्ट गरिएको कार्यालयले जनाएको छ।

सात प्रदेशका जलन उपचार सेवा थप प्रभावकारी बनाउन जनशक्ति उत्पादन

काठमाडौँ, १९ कात्तिक (रासस)।

सरकारले सातवटै प्रदेश जलन उपचार सेवालाई थप प्रभावकारी बनाउने जनशक्ति उत्पादन गर्न थालेको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सात प्रदेशका सात ठूला अस्पतालमा जलनको उपचार सेवा विस्तार गरेर सेवालाई थप प्रभावकारी बनाउन लागिएको स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

त्यसका लागि ती अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई एडभान्स बर्न केयर तालिमसमेत सञ्चालन गरिएको उहाँले बताउनुभयो।

कोशीको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेसको नारायणी अस्पताल वीरगञ्ज, गण्डकीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनीको भेरी अस्पताल नेपालगन्ज, कर्णालीको सुर्खेत अस्पताल र सुदूरपश्चिमको सेती अस्पतालमा जलन उपचार सेवा विस्तार गर्न थालिएको हो।

मन्त्रालयले पहिलो चरणमा नारायणी अस्पताल वीरगञ्ज र सुर्खेत प्रादेशिक अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई ३० दिनको जलन उपचारसम्बन्धी तालिम सञ्चालन गरेको छ।

मन्त्रालयले यसअघि उक्त अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई छदिने प्राथमिक जलन उपचार तालिम दिएको छ।

तालिममा नारायणी अस्पताल, वीरगन्जबाट डा प्रदीपकुमार ठाकुर, नगेन्द्र महतो, तबसुम बेगम र यस्मिन खातुन तथा सुर्खेत प्रदेश अस्पतालबाट डा सोजन सापकोटा, रोशनी श्रेष्ठ, दलबहादुर विक र सुमन कँडेल गरी जम्मा आठ जना चिकित्सक तथा स्वास्थ्यकर्मीको सहभागिता थियो।

तालिमपश्चात् सो जनशक्तिले सम्बन्धित अस्पतालमा जलन वार्ड स्थापना गर्न, गुणस्तरीय जलन उपचार सेवा सुनिश्चित गर्न सेवाको विस्तार गर्ने छन्। तालिम मन्त्रालयको पहलमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले कीर्तिपुर अस्पताल, कीर्तिपुरमा सञ्चालन गरिएको छ।

महानिर्देशक डा पौडेलले क्रमशः अन्य प्रदेशका चिकित्सक र स्वास्थ्यकर्मीलाई पनि तिहारपछि जलन उपचारसम्बन्धी तालिम दिने बताउनुभयो।

जलवायु जोखिममा ७३ लाख बालबालिका, थप लगानी गर्न युनिसेफको सुझाव

काठमाडौँ, १९ कात्तिक (रासस)।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले नेपालका बालबालिकामा बढ्दो जलवायु तथा वातावरणीय जोखिम न्यूनीकरण गर्न बालबालिकामैत्री जलवायु कार्यमा थप लगानी गर्न सरकारलाई सुझाव दिएको छ।

युनिसेफले बिहीबार सार्वजनिक गरेको नयाँ पैरवी प्रतिवेदनमा नेपालका लाखौँ बालबालिका जलवायु परिवर्तन, वातावरणीय प्रदूषण तथा विपद्का जोखिमबीच हुर्किरहेको उल्लेख गर्दै त्यसले उनीहरूको स्वास्थ्य, पोषण, शिक्षा, सुरक्षा र भविष्यमा गम्भीर असर पारिरहेको जनाएको छ।

प्रतिवेदनले जलवायु परिवर्तनका कारण बालबालिकाको वर्तमान र भविष्य प्रभावित भइरहेको उल्लेख गर्दै जलवायुसम्बन्धी नीति, बजेट तथा कार्यक्रम निर्माण गर्दा बालबालिकालाई केन्द्रमा राखेर तत्काल कदम चाल्न आग्रह गरेको छ।

प्रतिवेदनअनुसार नेपालमा ७३ लाख बालबालिका खडेरीको जोखिममा छन्। यसबाट खानेपानी, जीविकोपार्जन, कृषि उत्पादन र पोषणमा असर पर्ने देखिएको छ। यस्तै, ५७ लाख बालबालिका अत्यधिक गर्मीको जोखिममा छन् भने २९ लाख बालबालिका वर्षाजन्य पहिरोको जोखिममा रहेका छन्। अत्यधिक गर्मीले बालबालिकाको स्वास्थ्य, सिकाइ र दैनिक जीवनमा असर पारिरहेको प्रतिवेदनमा उल्लेख छ।

जलवायु परिवर्तनले बालबालिकालाई प्रत्यक्ष जोखिममा पार्नुका साथै उनीहरूका लागि आवश्यक आधारभूत सेवामाथि समेत दबाब बढाइरहेको प्रतिवेदनमा जनाइएको छ।

"जलवायु सङ्कट क्रमशः बालअधिकार सङ्कटमा परिणत हुँदै गएको छ," युनिसेफ नेपालकी प्रतिनिधि एलिस अकुङ्गाले भन्नुभएको छ, "जलवायु परिवर्तनको समस्या सिर्जना गर्न बालबालिकाको योगदान नगण्य भए पनि यसको सबैभन्दा गम्भीर असर उनीहरूले भोगिरहेका छन्। बाढी, खडेरी, अत्यधिक गर्मी तथा प्रदूषणका प्रत्येक घटनाले उनीहरूको स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा प्रत्यक्ष असर पारिरहेको छ।"

प्रतिवेदनले जलवायु सङ्कटको असर सबै बालबालिकामा समान रूपमा नपर्ने उल्लेख गरेको छ। गरिब परिवारका बालबालिका, बालिका, अपाङ्गता भएका बालबालिका, ऐतिहासिक रूपमा सीमान्तकृत समुदायका बालबालिका तथा दुर्गम र जलवायु जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने बालबालिका बढी जोखिममा रहेको प्रतिवेदनमा जनाइएको छ।

यसैबीच, नेपाल सरकारले बालबालिका तथा युवामैत्री जलवायु कार्यलाई अघि बढाउने क्रममा कात्तिक १२ गते सम्पन्न राष्ट्रिय जलवायु सम्मेलनका अवसरमा 'बालबालिका, युवा तथा जलवायु कार्यसम्बन्धी घोषणापत्र' औपचारिक रूपमा अनुमोदन गरेको छ।

प्रधानमन्त्री राहत कोषमा मौज्दात १८ अर्ब ३७ करोड नाघ्यो

काठमाडौँ, १९ कात्तिक (रासस)।

रसुवाको भोटेकोशी बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्नेक्रम अझ पनि जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषका विभिन्न खातामा बिहीबार बिहान ९:०० बजेसम्म मौज्दात रकम रु १८ अर्ब ३७ करोड ४७ लाख ११ हजार ५७४ पुगेको छ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा मैज्दात रु १३ अर्ब ६२ करोड ५३ लाख ३६ हजार ९७१ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा तीन करोड १४ लाख २५ हजार ७५७ अमेरिकी डलर पुगेको छ।

विश्व समाचार

डिसेम्बरमा स्वदेश फर्कने हसिनाको अडान

ढाका, १९ कात्तिक (रासस/एपी)।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफूलाई मृत्युदण्डको सजाय सुनाइए पनि आगामी डिसेम्बरमा स्वदेश फर्कने अडान दोहोऱ्याउनुभएको छ। सन् २०२४ को विद्यार्थी आन्दोलनबाट सत्ताच्युत भएपछि भारतमा निर्वासनमा रहनुभएकी उहाँले गिरफ्तारी, जेल र यातनाको सम्भावना हुँदाहुँदै पनि निर्णय परिवर्तन नहुने बताउनुभएको छ। प्रदर्शनकारीमाथि भएको घातक दमनका लागि जिम्मेवार ठहर गर्दै सन् २०२५ मा विशेष न्यायाधिकरणले हसिनालाई मानवताविरुद्धको अपराधमा मृत्युदण्ड सुनाएको थियो। संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनअनुसार उक्त घटनामा करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो। हसिनाले भने आरोप अस्वीकार गर्दै फैसलाको वैधतामाथि प्रश्न उठाउनुभएको छ। बङ्गलादेशले पटकपटक सुपुर्दगी मागे पनि भारतले उहाँलाई हस्तान्तरण गरेको छैन।एसोसिएटेड प्रेस (एपी) लाई इमेलमार्फत जवाफ दिँदै उहाँले आफ्नै देशको माटोमा र जनताबीच मर्न चाहेको बताउनुभएको छ। स्वदेश फर्किएपछि आफू गिरफ्तार, यातना वा हत्याको जोखिममा पर्न सक्ने उहाँको भनाइ छ। हसिना सत्ताच्युत भएपछि मुहम्मद युनुस नेतृत्वको अन्तरिम प्रशासनले १८ महिना शासन गरेको थियो। गत फेब्रुअरीमा भएको निर्वाचनबाट खालिदा जियाका छोरा तारिक रहमान सत्तामा आउनुभएको थियो। उक्त निर्वाचनमा हसिनाको अवामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएको थियो। हसिनाले सन् २०२४ को अगस्टयता आफ्नो पार्टीका कम्तीमा २० हजार सदस्य मारिएको तथा हजारौँ पक्राउ, यातना र विस्थापनमा परेको आरोप लगाउनुभएको छ। उहाँले देशमा सामान्य राजनीतिक तथा लोकतान्त्रिक वातावरण नरहेको दाबी गर्नुभएको छ। सरकारले भने पक्राउका घटनामा कानुनी आधार रहेको बताउँदै आएको छ, विदेशी शक्तिको सहयोग वा अनुमति लिएर मात्र स्वदेश फर्कनुपर्ने अवस्था नरहेको बताउँदै हसिनाले बङ्गलादेशमा कट्टरपन्थी समूहको प्रभाव बढेकोमा चिन्ता व्यक्त गर्नुभएको छ। अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरूले पनि कट्टरपन्थी समूहको बढ्दो प्रभाव र अल्पसङ्ख्यकमाथिको धम्कीप्रति चिन्ता जनाउँदै आएका छन्। युनुस नेतृत्वको अन्तरिम सरकारले भने यस्ता आरोप अस्वीकार गरेको थियो। वर्तमान सरकारले बिग्रँदो कानून तथा व्यवस्थाको अवस्थालाई लिएर आलोचना खेपिरहेको छ।

चुनावी हारपछि पनि पछि नहट्ने ट्रम्पको अडान

वासिङ्टन, १९ कात्तिक (रासस/एएनआई)।

अमेरिकी मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीको पराजयपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको सैन्य अभियानको बचाउ गर्दै आफ्नो नीतिबाट पछि नहट्ने अडान व्यक्त गर्नुभएको छ। ह्वाइट हाउसले बुधबार सामाजिक सञ्जाल एक्समा उहाँको तस्विरसहित 'कहिल्यै पछि नहट्ने' सन्देश सार्वजनिक गरेको छ। डेमोक्रेटहरूले कङ्ग्रेसका दुवै सदनमा नियन्त्रण कायम गर्ने प्रक्षेपण भइरहेका बेला ट्रम्पले इरान युद्धले छोटो अवधिमा पेट्रोलको मूल्य बढाएर चुनावी परिणाम प्रभावित पारेको स्वीकार गर्नुभयो। तर, इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्न सैन्य अभियान आवश्यक रहेको उहाँको भनाइ थियो। आफू निर्वाचनमा उम्मेदवार भएको भए रिपब्लिकनहरूले जित्ने दाबी गर्दै उहाँले चुनावी सभामा देखिएको आफ्नो लोकप्रियता अन्य उम्मेदवारमा हस्तान्तरण हुन नसकेको बताउनुभयो। यसैबीच, उपराष्ट्रपति जेडी भान्सले आन्तरिक सर्वेक्षणले इरान युद्ध, मुद्रास्फीति, 'अमेरिका फर्स्ट' नीति र इजरायलसँगको सम्बन्धबारे मतदाताका असन्तुष्टि देखाएको बताउनुभएको थियो। उहाँले इरान युद्धलाई रिपब्लिकन पार्टीको चुनावी पराजयको प्रमुख कारणका रूपमा औंल्याउनुभएको थियो।

अमेरिकी चुनावले चीनसँगको सम्बन्धमा चुनौती

बेइजिङ, १९ कात्तिक (रासस/एएफपी)।

अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्रेटिक पार्टीको सफलताले चीनसँगको सम्बन्धमा नयाँ अवसर र चुनौती सिर्जना गर्ने विश्लेषकहरूले बताएका छन्। कङ्ग्रेसका दुवै सदनमा डेमोक्रेटहरूको नियन्त्रण कायम भए राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन नीतिमा अङ्कुश लाग्न सक्ने भए पनि द्विपक्षीय सम्बन्धमा तत्काल सुधार हुने सम्भावना कम रहेको उनीहरूको विश्लेषण छ। डेमोक्रेटहरूको नियन्त्रणले चीनमाथि लगाइएको अमेरिकी भन्सार शुल्क सीमित हुन सक्नेछ। यसले व्यापार वार्तामा शुल्कलाई दबाबको अस्त्र बनाउने ट्रम्पको क्षमता कमजोर पार्न सक्ने फुदान विश्वविद्यालयका प्राध्यापक वु सिन्बोले बताउनुभएको छ। यद्यपि, अमेरिकी श्रमिक र साना व्यवसायमाझ शुल्क लोकप्रिय रहेकाले त्यसलाई हटाउन डेमोक्रेटहरूलाई पनि कठिन हुने विश्लेषकहरूको भनाइ छ। ताइवानको विषयले भने दुई देशबीचको तनाव बढाउन सक्ने देखिएको छ। ट्रम्प प्रशासनले चीनसँगको वार्तामा मोलमोलाइका लागि ताइवानलाई १४ अर्ब डलर बराबरका हतियार बिक्री प्रक्रिया रोकेको छ। डेमोक्रेटहरूको दबाबमा उक्त बिक्री पुनः सुरु भए चीनसँगको सम्बन्ध थप तनावपूर्ण हुन सक्ने विश्लेषकहरूको आकलन छ।निर्वाचनपछि ट्रम्प राजनीतिक रूपमा कमजोर बने पनि चीनले उहाँसँगको उच्चस्तरीय संवाद जारी राख्ने सम्भावना रहेको ब्रुकिङ्स इन्स्टिच्युसनकी प्याट्रिसिया किमले बताउनुभएको छ। चीनले ट्रम्पको कमजोर अवस्थालाई दबाब बढाउन उपयोग गर्न सक्ने भए पनि उहाँलाई गैरजिम्मेवार कदम चाल्न बाध्य पार्ने गरी अघि नबढ्ने एसओएएस चाइना इन्स्टिच्युटका निर्देशक स्टिभ साइको भनाइ छ। विश्लेषकहरूका अनुसार निर्वाचनले अमेरिका-चीन शक्ति सन्तुलनमा परिवर्तन ल्याए पनि दुई देशबीचको प्रतिस्पर्धा र अविश्वास तत्काल अन्त्य हुने सम्भावना छैन।

सामुदायिक पहल र परियोजनाको सहयोगले पोखरीको मुहार फेरियो





दैनिक समाचारदाता
राजविराज, १९ कात्तिक ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ स्थित 'कोइलाडी स्कुल पोखरी' कुनै समय फोहोर र दुर्गन्धले भरिएको थियो । पोखरीमा फालिएका सिसाका बोतल तथा अन्य फोहोरका कारण पानी पशुचौपायाले समेत पिउन नसक्ने अवस्थामा पुगेको थियो । पानी सञ्चय नहुने समस्याले पोखरीको उपयोगिता पनि हराइसकेका थिए । तर, अहिले त्यही पोखरी स्थानीय समुदायका लागि उपयोगी जलस्रोत मात्र नभई जीवनरेखा जस्तै बनेको छ ।

कोशी कमला सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) का अध्यक्ष ४२ वर्षीय मो. फिरोजका अनुसार सामुदायिक पहल र परियोजनाको सहयोगले पोखरीको मुहार फेरिएको हो ।

कोका-कोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबलसँगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत पोखरी सरसफाइ तथा संरक्षणको काम गरिएको छ ।

"पहिले पोखरीमा सिसाका बोतल र फोहोर भरिएका थिए । पानी टिक्दैनथ्यो र पशुचौपायाले समेत खान नसक्ने अवस्था थियो," फिरोज सम्झन्छन्, "अहिले पोखरीमा पर्याप्त पानी सञ्चय भएको छ । विद्यार्थीले हातखुट्टा धुने, स्थानीयले कपडा धुने र नुहाउने गरेका छन् ।"

उनका अनुसार पोखरीमा अहिले करिब ५० बिघा जग्गामा सिँचाइ गर्न पुग्ने पानी सञ्चय भएको छ । पोखरीको चारैतिर वृक्षारोपणसमेत गरिएलकोले वातावरणीय सौन्दर्य बढाउनुका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीलाई टिफिन खाने र केही समय विश्राम गर्ने अनुकूल वातावरण पनि बनाएको हो ।

फिरोजका लागि यो परिवर्तन पोखरी सफा हुनुमा मात्र सीमित छैन । यसले समुदायमा पानीको महत्व, सरसफाइ र सामूहिक प्रयासप्रतिको चेतना पनि बढाएको छ ।

"पहिले बेवास्तामा परेको पोखरी अहिले समुदायका लागि सम्पत्ति बनेको छ," उनी भन्छन् । यो पहलले स्थानीय जलस्रोतको संरक्षण, पानीको उपलब्धता र सामुदायिक विपद् उत्थानशीलता अभिवृद्धिमा स्थानीय सहभागिताको महत्वलाई उजागर गरेको फिरोजको भनाई छ ।

एनपिएलमा सट्टेबाजी गर्ने युवक पक्राउ

काठमाडौँ, १९ कात्तिक (रासस) ।

नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो संस्करणमा सट्टेबाजी गराएको अभियोगमा एक भारतीय युवक पक्राउ परेका छन् । काठमाडौँ महानगरपालिका-१७ ठमेल बस्ने भारतको बिहार राज्य भोजपुर थानाका ३२ वर्षीय सोनुकुमार सिन्हालाई प्रहरीले पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

काठमाडौँको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सञ्चालन भइरहेको एनपिएल २०२६ मा केही व्यक्तिहरूले अनलाइन मार्फत सट्टेबाजी गर्ने/गराउने गरेको भन्ने सूचनाको आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनले विभिन्न अनलाइन बेटिङ साइटबाट रु ८९ लाख ८१ हजार ७२९ बराबरको कारोबार गरेको खुल्न आएको छ । निजलाई जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको छ ।

ट्रक र मोटरसाइकल...

चौहर्वाबाट सिरहातर्फ जाँदै गरेको विद्युत प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरको ट्रक र सिरहाबाट चौहर्वातर्फ आउँदै गरेको मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

ट्रक चालक फरार रहेकाले खोजतलास भइरहेको तथा दुर्घटनामा परेका दुबै सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गुरुकुल सहकारीको ६औं साधारणसभा, महिला सशक्तीकरण र स्वरोजगारमा जोड

दैनिक समाचारदाता
राजविराज, १९ कात्तिक ।

सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले सहकारी संस्थालाई बचत तथा ऋण कारोबारमा मात्र सीमित नराखी महिला सशक्तीकरण र स्वरोजगार सिर्जनाको माध्यम बनाउनुपर्ने बताएका छन् ।

सो गाउँपालिका १ खुरहुरियास्थित गरुकुल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको छैटौँ वार्षिक साधारणसभालाई बिहीबार सम्बोधन गर्दै उनला यस्तो बताएका हुन् ।

प्रमुख अतिथि यादवले सहकारीमा बचत गर्नेदेखि ऋण लिने कार्यसम्म महिलाको अग्रणी भूमिका रहेको उल्लेख गर्दै सहकारीको माध्यमबाट महिलालाई थप सशक्त बनाउनुपर्नेमा जोड दिए ।



सहकारीले ऋण लगानी र बचत सङ्कलन मात्रै गरेर आफ्नो उद्देश्य पुरा नहुने भन्दै उनले महिला तथा युवालाई सहकारीमा आबद्ध गराई स्वरोजगारका अवसर सिर्जना गर्नुपर्ने बताए ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड राजविराज शाखाका प्रमुख सञ्जय कुमार महतोले सहकारी संस्थालाई व्यवस्थित र मर्यादित बनाउन नियामक निकाय तथा स्थानीय तहबाट नियमित अनुगमन आवश्यक रहेको बताए ।

संस्थाका अध्यक्ष जय नारायण यादवको अध्यक्षतामा सम्पन्न साधारणसभामा उनले गत तथा चालु आर्थिक वर्षको आयव्यय विवरण प्रस्तुत गरेका थिए ।

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।

शुभ दीपावली



सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।

शुभ दीपावली



विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।

शुभ दीपावली



शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*